# बेरोजगारी र गरिबीको पीडा

डा. गोविन्दबहादुर थापा

*उद्योग क्षेत्रमा थप रोजगारीका अवसर सिर्जना नभएको मात्र होइन, भएको सीमित संख्याको रोजगारीबाट पनि नेपाली कामदार/मजदुर विमुख हुनु परेको अवस्था छ। केही सापेक्षिक लाभ भएका वस्तुका उद्योग र एकाध रणनीतिक उद्योग बाहेक खुला सिमाना, मुद्राको सहजता र व्यापार नीतिका कारण नेपालमा अरू उद्योग आउने सम्भावना अत्यन्तै न्यून छ।*

बेरोजगारी र गरिबी नेपालको एउटा स्थायी पेचिलो समस्याका रूपमा रहिआएको छ। भारतमा बन्दाबन्दी लागू गरिएपछि कोभिड-१९ बाट बच्न बालबच्चा च्यापेर भोक भोकै सयौँ किलोमिटर हिंडी स्वदेश फर्केका हजारौँ नेपाली दुई महिना पनि नपुग्दै भोकले भन्दा रोगले मर्नु निको भन्दै पुन: भारत तिरै फर्केको कथा सञ्चार माध्यममा सचित्र आयो। त्यसले संवेदनशील नेपालीको छाती पक्कै पनि विदीर्ण बनायो। नेपालीको बेरोजगारी र गरिबीको चरम अवस्था दुनियाँका सामुन्ने प्रस्तुत भयो। यो स्थितिले नेपालमा गरिबीको अनुपात १६ प्रतिशतमा झरेको र बेरोजगारी दर ११ प्रतिशत रहेको भन्ने सरकारी तथ्याङ्क प्रति द्विविधा उत्पन्न गराउँछ। साथै, यसले नेपालले लगातार तीन वर्ष सात/आठ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गरेको गर्वलाई पनि चुनौती दिएको छ। कोरोनाको महामारी चर्किंदै गरेको अवस्थामा हजारौँको संख्यामा भारत प्रवेश गर्दै गरेका नेपालीको लर्कोलाई नकार्न सकिन्छ र? यो पृष्ठ भूमिमा सरकारी प्रतिवेदनमा लेखिएका प्रगतिका उपरोक्त तथ्याङ्कलाई पनि पत्याउनु पर्ने बाध्यतामा हामी छौँ। सहरीकरण र सडक सञ्जालको विस्तारले देशमा स्वरोजगारीको विस्तार सुस्त छ तर भइरहेको छ। समग्र आर्थिक गतिविधिको विस्तार नै सुस्त रहेको अवस्थामा स्वरोजगारीको विस्तार पनि सुस्त हुनु स्वाभाविक हुन्छ। त्यसैले नेपालमा ज्याला/तलब रोजगारीले नै बढी महत्व पाउँदै आएको छ। समाजमा अलिकति हैसियत भएका मानिस देखि लिएर विभिन्न स्तरका नेता, मन्त्री र हाकिमलाई भेट्न खोज्ने मध्ये अधिकांश रोजगारी र कमाउने अवसर खोज्ने युवा नै हुने गरेको सत्य छ। विक्रम संवत् २०४७ मा लोकतन्त्रको पुनर्बहाली पछि र अझ २०४८ को चुनाव पछि सरकारी संस्थानहरूमा दैनिक ज्यालादारी, अस्थायी र कन्ट्र्याक्ट (करार)मा जागिर खाने/खुवाउने लहर नै चलेको थियो। त्यतिखेर संस्थानहरूमा यस्ता खालका रोजगारी दिन अहिले जस्तो कडाइ नभएकाले नेता र मन्त्रीहरूले ठूलो संख्यामा आफ्ना कार्यकर्ता र सहयोगीलाई संस्थानहरूमा जागिर लगाइ दिए। त्यसैले नेता र मन्त्रीहरू उपर सरकारी संस्थानलाई कार्यकर्ता भर्ती केन्द्र बनाएको आरोप पनि लाग्यो। र, कतिपय संस्थान डुब्नुमा त्यसरी रोजगारी दिइएका मानिस पनि जिम्मेवार छन्। कतिपय संस्थानमा बस्ने सिट र गर्ने कामको ठेगान नहुँदानहुँदै पनि हुल पठाइए। ती काम भन्दा गफमा रमाउँछन्। वीरगन्ज चिनी कारखाना, लुम्बिनी चिनी कारखाना, जनकपुर चुरोट कारखाना, हेटौँडा सिमेन्ट कारखाना आदि जस्ता ठूला र धेरै कामदार र कर्मचारी कार्यरत रहने सरकारी संस्थानहरू उठ्नै नसक्ने गरी धराशयी हुनुका कारण यही हो। यसले नेपालको बेरोजगारी समस्याको पेचिलो पक्षलाई उजागर गर्छ। अधिकांश सरकारी संस्थान केही निजीकरणबाट र केही 'ओभर स्टाफिङ' (अनावश्यक कर्मचारी)बाट चल्न नसकेर बन्द भए पछि र सरकारी क्षेत्रमा नयाँ संस्थान स्थापना नभए पछि राज्य अधिनको सङ्गठित क्षेत्रको रोजगारीका अवसरमा कटौती हुन गयो। तर, यससँगै निजी क्षेत्रले ठूलै संख्यामा थप रोजगारीका अवसर सिर्जना गरेको छ। त्यसैगरी, माओवादी द्वन्द्व सुरु भएपछि सेना र प्रहरी सङ्गठनमा पनि करिब सवा लाखजति थप जनशक्ति खपत भएको छ। तर, श्रम बजारमा प्रतिवर्ष थपिने करिब पाँच लाख जति युवा र कृषिबाट बाहिरिएका युवा मध्ये स्वरोजगारीमा लागेका केहीलाई छाडेर बाँकीलाई रोजगारी दिन निजी क्षेत्रले सिर्जना गरेका अवसरहरू पर्याप्त भएनन्। निजी क्षेत्र स्वभावत: रोजगारी विस्तार गर्ने सन्दर्भमा त्यति उत्साही नहुने क्षेत्र पनि हो। निजी क्षेत्रका आर्थिक गतिविधि तीव्र विस्तार हुन सकेमा मात्र त्यो क्षेत्रमा रोजगारीको अवसर बढ्ने हो। त्यो स्थिति पनि नेपालमा रहेन। एक दशक सम्मको माओवादी द्वन्द्व र त्यस पछिका धेरै वर्षसम्म कायम रहेको राजनीतिक उथलपुथलका कारणले निजी क्षेत्र उत्साह साथ अघि बढ्न पाएन। निजी क्षेत्र प्रतिको राज्यको दृष्टिकोण र व्यवहार पनि मैत्रीपूर्ण र भरोसायोग्य रहेन। विद्युत् सङ्कट, भूकम्प, नाकाबन्दी र कोभिड-१९ को महामारीले पनि निजी क्षेत्रको उत्साहमा हिउँ परेको छ। यी सबै कारणले देशमा रोजगारीका अवसर अपेक्षित मात्रामा सिर्जना हुन सकेनन्। यसैबीच, व्यापक मात्रामा वैदेशिक रोजगारीका ढोका खुलेकाले स्वदेशमै सानो स्तरमै भए पनि कुनै व्यवसाय गर्ने उत्प्रेरणा पनि कमजोर भयो। यसले गर्दा रोजगारीका अवसर सिर्जना गर्नै पर्ने बाध्यतामा सरकार परेन। अन्यथा, धान्नै नसकिने बेरोजगारीको भारको व्यवस्थापन गर्न सरकार बाध्य हुने थियो। वैदेशिक रोजगारीको अवसरका कारण नेपाल त्यो बाध्यताबाट बचेको छ। सरकारी ठूला उद्योगहरू बन्द भएका र राज्य क्षेत्रमा नयाँ उद्योग खोल्ने परिस्थिति नरहेको तथा खुला तथा हदैसम्मको उदार वैदेशिक व्यापार नीतिले गर्दा निजी क्षेत्रमा पनि नयाँ र ठूला (सिमेन्ट बाहेक) उद्योग खुल्ने वातावरण नरहेकाले निजी क्षेत्र व्यापार र सेवा क्षेत्रमा आकर्षित हुनु स्वाभाविक भयो। यो रोजगारीका अवसर सिर्जना गर्ने दृष्टिले अनुकूल होइन। भएका उद्योगहरूमा पनि स्वदेशी मजदुरहरूबाट समस्या आइरहने भएकाले विदेशी कामदारको बाहुल्य रहेको सम्बन्धित उद्योगपतिले स्वीकार्छन्। यसरी उद्योग क्षेत्रमा थप रोजगारीका अवसर सिर्जना नभएको मात्र होइन, भएको सीमित संख्याको रोजगारीबाट पनि नेपाली कामदार/मजदुर विमुख हुनु परेको अवस्था छ। केही सापेक्षिक लाभ भएका वस्तुका उद्योग र एकाध रणनीतिक उद्योग बाहेक खुला सिमाना, मुद्राको सहजता र व्यापार नीतिका कारण नेपालमा अरू उद्योग आउने सम्भावना अत्यन्तै न्यून छ। साथै, उद्योग क्षेत्रमा रहेका अनगिन्ती अनिश्चितता, जोखिम र पाइला-पाइलामा देखापर्ने नयाँ/पुराना अवरोधसँग जुध्दै सीमित प्रतिफल दिने उद्योग क्षेत्रमा अघि बढ्नु भन्दा तुलनात्मक रूपमा कम जोखिम र कम समयमा प्रचुर प्रतिफल दिने आन्तरिक र बाह्य व्यापार तथा अन्य सेवा, व्यवसाय तर्फ निजी क्षेत्र आकर्षित भएकाले पनि नेपालमा वाञ्छित मात्रामा रोजगारीका अवसर सिर्जना हुन नसकेको हो। नेपालमा अर्को प्रवृत्ति देखिएको छ-कृषिमा आबद्ध जनशक्तिलाई उद्योगले नभई, वैदेशिक रोजगारीले आकर्षित गरिरहेको छ। युवा पिता पुर्खा देखि गरिँदै आएको खेतीलाई उपेक्षा गरेर जमिन बाँझै राखी बिदेसिएका छन्। विगतमा कृषि कार्यमा रहेका परिवारले सधैँ भरि सामना गर्नु परेको नगदको चरम अभाव र त्यसलाई पूर्ति गर्न उच्च दरको ब्याजमा लिनु पर्ने ऋणलाई वैदेशिक रोजगारीले सहजै मुक्त गरि दिनु पनि यसको कारण हो। किनभने साना किसान परिवारसँग कहिल्यै पनि बिक्री योग्य कृषि उत्पादनको बचत नहुने र नगदका लागि हरेक वर्ष आ`नो थातथलो छोडेर बाहिर जानु पर्ने बाध्यता थियो। खान पुग्ने उपज दिने जमिन र त्यो जमिनलाई आवश्यक हुने विविध किसिमका सेवा उपलब्ध हुन सकेको भए सायद भएको जमिनलाई पूर्ण उपयोग गरी जीविको पार्जन गर्ने प्रयत्न हुन्थ्यो होला र ती कृषक युवा यसरी बिदेसिने थिएनन् कि! त्यसमा समयमै सरकारको प्रभावकारी हस्तक्षेप हुन नसक्दा यस्तो अवस्था आएको हो। र, त्यो अवस्था यथावत् नै छ। नेपालले हालसम्म अवलम्बन गर्दै आएको विकासको प्रक्रिया र ढाँचालाई नै निरन्तरता दिइरहने हो भने केही वर्ष पछि सरकारी प्रतिवेदनमा प्रस्तुत हुने आर्थिक तथा सामाजिक स्वरूप र धरातलीय यथार्थ बीच आकाश-जमिन जस्तो अन्तर देखिने निश्चित छ। यस्तो विडम्बनापूर्ण स्थिति रोक्न हाम्रो विकास प्रक्रिया र ढाँचालाई आमूल परिवर्तन गर्नु अपरिहार्य छ। विकास योजना र बजेट भूगोल, बस्ती, जनता, प्राकृतिक स्रोत र सम्पदा तथा आ` ना विविधतासँग अभिन्न रूपले जोड्नु पर्छ। तब मात्र, नेपालको प्रगति र सुधार थाहा पाउन अन्तर्राष्ट्रिय प्रकाशनहरूको शरण पर्नु पर्ने छैन र नेपाली जनताको अनुहारमा देख्न सकिनेछ। अहिलेसम्म जस्तो अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूले देखाएको बाटोमा मात्र हिँड्न खोजियो भने नेपाली जनजीवनका समस्या एकातिर र प्रगति अर्कोतिर हुन गई जनतामा असन्तुष्टि चुलिँदै जानेछ। जनतासँग जोडिएको विकासका लागि देशलाई सङ्घीयताले भरपुर सहयोग गर्ने छ। किनभने स्थानीय सरकारहरू अधिकार र साधन स्रोतले सम्पन्न भएका छन् र जनतासँग सोझै जोडिएका छन्। उनीहरू जनताका दैनन्दिनका समस्याबाट परिचित छन्, ती माथि स्थानीय जनताको दबाब पनि लगातार परिरहन्छ। त्यसैले तिनलाई सक्रिय र प्रभावकारी पारियो, सङ्घीय तथा प्रदेश सरकारबाट आवश्यक सहयोग पुऱ्याइयो भने स्थानीय सरकारहरूले बेरोजगारीको सम्बोधन लगायत जनताका यावत् समस्या समाधान गर्न सक्नेछन्। र, सङ्घीय सरकारले पनि देशको मौलिकता र विशेषता सापेक्ष नीति, योजना र बजेट निर्माण गरी सफल कार्यान्वयनमा जोड दिने हो भने भने मात्र देशको मुहार फेरिनेछ। *(लेखक अर्थविद् हुनुहुन्छ।)*

## कर्मचारी आत्महत्या प्रकरण बिद्यार्थी आन्दोलित, प्रतिष्ठानद्वारा २४ गते सम्म शोक बिदाको घोषणा

**टाईम्स सम्वाददाता**
*झापा, २२ असोज*

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल उर्लाबारी द्वारा संचालित बहुप्राविधिक शिक्षालय दमक-४ ताराबारीमा प्रतिष्ठानका कर्मचारी मुक्तीनाथ दाहालले गरेको आत्महत्याको बिषयलाई लिएर बिद्यार्थी आन्दोलित बनेका छन। प्रतिष्ठानद्वारा संचालित शैक्षिक कार्यक्रमका बिद्यार्थीहरुले बिहीबार प्रतिष्ठानको मुख्यालय परिसरमा प्रतिष्ठानका अध्यक्ष, कार्यकारी निर्देशक बिरुद्ध नारा लगाउदै आत्महत्याको निष्पक्ष छानबिनको माग गरेका छन। बिद्यार्थीहरुले हातमा प्लेकार्ड सहित शैक्षिक माफीया मुर्दाबाद, पिडीत परिवारलाई न्याय देउ, तानाशाही प्रशासन मुर्दाबाद सहितका नारा लगाएका छन। आन्दोलित बिद्यार्थीहरुले धर्ना पश्चात मृतक कर्मचारीको घर उर्लाबारी-५ डिबीमार्गमा पुगेर न्याय दिलाउने र न्याय नपाए सम्म आँन्दोलन निरन्तर गर्ने आश्वासन परिबारका सदस्यलाई दिएका पारिवारका सदस्यले बताएका छन। सो शिक्षालयको लेखा तथा प्रशासन शाखाका प्रमुख दाहालले चार दिन अघि शिक्षालयको कक्षा कोठामा झुण्डीएर आत्महत्या गरे पश्चात बिद्यार्थीहरु प्रतिष्ठान प्रशासन विरुद्ध सडकमा उत्रिएका हुन। उता प्रतिष्ठान प्रशासनले कर्मचारीको निधनका कारण जनाउदै असोज २४ गते सम्म सबै सेवा बन्द गरेको जनाएको छ।

## प्रदेश १ : साढे तीन महिनामा १ सय २० वटा बलात्कारका उजूरी

**टाईम्स सम्वाददाता**
*विराटनगर, २२ असोज*

चालु आर्थिक बर्षको साढे तीन महिनामा एक सय २० वटा बलात्कारका घटना प्रहरीमा दर्ता भएका छन्। चालु आर्थिक बर्षको साउन देखि असोज १८ गते सम्ममा १ नम्बर प्रदेशमा १ सय २० वटा बलात्कारका घटना प्रहरीमा दर्ता भएको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ। १ नम्बर प्रदेशमा आर्थिक बर्ष ०७५र०७६ मा ५ सय ५५ वटा बलात्कारका घटना दर्ता भएका थिए। आर्थिक बर्ष ०७६/७७ मा ४ सय ८८ वटा मुद्दा प्रहरीमा दर्ता भएका थिए। बलात्कारका घटनाको विवरण हेर्दा कतिपय बालिका आफन्तबाटै बलात्कृत भएको देखिन्छ। खासगरी मादक पदार्थ सेवन गर्ने र लागू औषधका अम्मलीबाट नै बढी बलात्कार भएको देखिन्छ। बलात्कारीलाई कानुनी कारबाही गर्नु भन्दा समाजले त्यस्ता व्यक्तिलाई जोगाउन खोजेकाले पनि बलात्कारीको मनोबल बढ्ने गरेको पाइएको छ। सामाजिक सञ्जालको प्रयोगसँगै युवायुवतीले यौन जन्य कुरामा बढी चासो राख्ने गरेकाले बलात्कारका घटना बढ्दै गरेको प्रहरीको ठहर छ। मोरङका प्रहरी उपरीक्षक सन्तोष खड्का सामाजिक सञ्जालको प्रयोगसँगै किशोर किशोरीमा प्रेम प्रस्ताव राख्ने र त्यसबाट यौन सन्तुष्टि मेटाउन खोज्ने गरेकाले पनि बलात्कारका घटना बढेका छन्।


## कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रदेश -१, उदयपुर

प्रथम पटक प्रकासित मिति २०७७/०६/२३

### प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

यस कटारी नगरपालिकानगर क्षेत्र भित्रका निम्न नदिनाला तथा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र विक्रि वितरण तथा निकासी गर्ने प्रस्ताव गरिएको छ।

| IEE गर्नेखोलाहरु | अध्ययन गरिने क्षेत्रहरु | प्रभावित हुन सक्ने बस्ति/क्षेत्रहरु |
|---|---|---|
| तावा खोला वडा नं. ७ र वैद्यनाथ खोला वडा नं. ६ (प्याकेज १) | कटारी नगरपालिका वडा नं. ६ र ७ | वडा नं. ७ को कपुर दह देखि माझिगाँउ<br>वडा नं.६ को सोमबारे |
| तावाखोला वडा नं. ३, ४, ५ (प्याकेज २) | कटारी नगरपालिका वडा नं. ३, ४ र ५ | वडा नं. ३, ४ र ५ अर्न्तगतका हडैया खहरे तावा दोभान, तावाककरु दोभान, राजावास आसपास क्षेत्र, कटारी पश्चिम (रेडक्रस कार्यालय), स्मृति वाटिका पश्चिम, झोपु पश्चिम र कालीखाडि |
| तावाखोला वडा नं. २, बेलसोत खोला वडा १ र कमलाखोला वडा नं. ३ (प्याकेज ३) | कटारीनगरपालिका वडा नं. १, २ र ३ | वडा नं. १, २ र ३ अर्न्तगतका तावा खोला को सिमनपुर, बेलस्रोत खोलाको बेलस्रोत कमला खोला दोभान, कमलाखोलाको मजुवा, भुन्टेचौरी र तावाकमला (त्रीवेनी मेला स्थान) |
| कमलाखोला वडा नं. १, बहादुर खोला वडा नं. १४ (प्याकेज ४) | कटारीनगरपालिका वडा नं. १ र १४ | वडा नं. १ र १४ कातिमनाई र सिस्नेरी, बहादुर र सुनकोशी दोभानखोला |

नदि नाला तथा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र विक्रि वितरण तथा निकासी गर्ने कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अध्ययन गर्नु पर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा प्रतावित कार्यबाट सो क्षेत्रहरुमा पर्न सक्ने भौतिक, जैविक, सामाजिक, आर्थिक क्षेत्रमा के कस्ता प्रभाव पर्छ भनियकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुको राय सुझाव लिन आवश्यक भएकोले सूचना प्रकाशित मितिबाट १५दिन भित्र रायसुझाव तथा प्रतिक्रिया पठाई दिन हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाहरु**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यलिय, प्रदेश नं. १, उदयपुर<br>फोनं. नं. ०३५-४५०२९६, ४५००३९<br>ict.katarimun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | अनन्तइन्जिनिरिङ कन्सल्टेन्ट<br>गाइघाट, उदयपुर, प्रदेश नं. १<br>फोनं. ९८६२०२६२९० |

प्रो. सन्तोष घिमिरे
मो. ९८१०४२६९३१

## ॐ बराहा खुकुरी पसल



यहाँ विभिन्न प्रकारको खुकुरीहरु, मार हान्ने, कट्टी खुकुरीका साथमा फलामका सबै प्रकारका घरायसी हातहतियार जाँतो, सिलौटाका साथ किचनका सामान प्लाष्टीक र स्टील सबै समानहरु सुपथ मुल्यमा पाईन्छ।

**नोट : असारी रोड बाट बि.पि चोक मा सरेको छ।**


Scanned with CamScanner